श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कर कार्यालय राजविराजको डि. ग्रेड क्वार्टर निर्माण गर्न सगरमाथा अञ्चल, सप्तरी जिल्ला, राजबिराज नगर पञ्चायतभित्र पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरु नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व कर कार्यालयको कम्पाउण्ड, पश्चिम पैनी र बलदेवको घर जग्गा, उत्तर खरसाल जाने कच्ची सडक, दक्षिण दुर्गेशकुमार प्रधानको घर जग्गासंग जोडिएको खरसालतर्फ जाने कच्ची सडक यति ४ किल्लाभित्रको मालपोत रु. ७।८० (सात रूपैयाँ असी पैसा) लागेको ० ४ (चार कठ्ठा) जग्गाको किता - - - - - - -१

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

९२४

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।